# चिशंखुगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७९/०८०

कोशी प्रदेश, नेपाल

## जग्गा प्राप्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/०२/२३)

चिशंखुगढी गाउँ कार्यपालिकाको मिति २०८०/०१/२७ गते बसेको बैठकको निर्णय बमोजिम यस गाउँपालिकाको प्रशासनिक भवन आ.व. २०८०/०८१ भित्र निर्माण कार्य सुरुवात गर्नु पर्ने तर उक्त भवन निर्माण गर्न पुग्ने बराबरको सरकारी जग्गा नरहेको कारणले गाउँपालिकाको भवन वरपरको (**गाउँपालिका परिसर सँग जोडिएको कित्ता**) **१ रोपनी ८ आना क्षेत्रफल** बराबरको जग्गा नि:शुल्क प्राप्त गर्न यस कार्यालयद्वारा १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ । उपरोक्त बमोजिम जग्गा उपलब्ध गराउन इच्छुक जग्गा दाताहरुले **चिशंखुगढी गाउँपालिकाको जग्गा प्राप्ति कार्यविधि, २०७७** को अनुसूचीमा उल्लेखित ढाँचामा निम्न बमोजिमका कागजात सहित मिति २०८०/०३/०५ गते भित्र खामबन्दी निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु:**

१. उपलब्ध गराउन खोजेको जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि,
२. जग्गाधनीको नागरिकता प्रमाणपत्र प्रतिलिपि,
३. जग्गाको नापी नक्साको ट्रेश नक्सा,
४. कार्यालयले माग गरेका अन्य आवश्यक कागजातहरू ।

लोकमणि खनाल
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्च: अन्य थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।*